नेपाल वायुसेवा

# आकाश भैरव
# AAKASH BHAIRAB
*In-House Journal*

Vol. 44, No. 1 Shrawan-Bhadra (2081) August-September (2024)

## अस्ट्रेलियाको सिड्नीमा निगमको उडान सुरु गर्न सम्बन्धित पक्षसँग छलफल

निगमले अस्ट्रेलियाको सिड्नीमा नयाँ गन्तव्य विस्तार गरी उडान सुरु गर्ने प्रक्रियामा छलफल गर्नको लागि निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारीज्यूको नेतृत्वमा सञ्चालक समिति सदस्य किशोर प्रधान, अपरेशन विभागका निर्देशक दिपुराज जुहार्चन र मार्केटिङ विभागका निर्देशक टंकनिधि दाहाल २८ जुलाईदेखि ०६ अगस्ट २०२४ सम्म अस्ट्रेलिया भ्रमणमा जानुभएको थियो । यो टोलीले अस्ट्रेलियाको Civil Aviation Safety Authority (CASA), Development of Infrastructure, Transport Regional Development, Communication and Arts (D&TRDCA), Australian Department of Home Affairs/Kingsford Smith Airport Authority, Sydney का प्रतिनिधिहरूसँग Sydney तथा Canberra मा Schedule उडान सञ्चालनमा compilance with Aviation safety standards, infrastructure support for international Airlines license तथा Department of Home Affairs को Transport Security program जस्ता विषयमा हालसम्मको प्रगति तथा ने.वा.नि.को तर्फबाट पूरा गर्नुपर्ने कार्य विषयमा छलफल गरेको थियो ।

यस छलफलबाट आवश्यक Regulatory तथा Departmental Milestone प्राप्त गर्नको लागि स्पष्ट खाका बनाउन सहज भएको छ ।

उक्त भ्रमणको क्रममा टोलीको अस्ट्रेलियाको Canberra स्थित नेपाली राजदूतावास तथा NRNA का प्रतिनिधिसँग ने.वा.नि. को सहज उडान सुरुवातको विषयमा हालसम्मको कार्यप्रगति तथा समन्वय एवम् सहयोगको विषयमा छलफल भएको थियो । यस क्रममा निगमलाई आफ्नो प्रतिनिधि राखेर दूतावास तथा महावाणिज्य दूतावाससँगको समन्वयमा दुवै Operational and Promotional कार्य गर्न सुझाव प्राप्त भएको थियो ।




## नेपाल अर्बुद रोग निवारण संस्थाद्वारा निगमका कार्यकारी अध्यक्ष सम्मानित

नेपाल अर्बुद रोग निवारण संस्थाले आफ्नो ४२ औँ वार्षिकोत्सवको अवसरमा विभिन्न सामाजिक क्षेत्रमा योगदान गर्ने विभिन्न संघ संस्थाका पदाधिकारीहरूलाई सम्मान गरेको थियो । उक्त अवसरमा निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारी सम्मानित हुनुभएको हो ।

निगमको सामाजिक उत्तरदायित्व अन्तर्गत अर्बुद रोगबाट पीडित नेपाली नागरिकलाई राहत पुऱ्याउने उद्देश्यले नेपाल वायुसेवा निगमले Nepal Cancer Relief Society को सिफारिसको आधारमा विगतदेखि नै भारतका लागि हवाई भाडादरमा अर्बुद रोग भएका बिरामीलाई ३ पटकसम्म (पहिलो पटकको निम्ति बिरामीलाई शतप्रतिशत र कुरुवालाई

(बाँकी पेज नं. ४ मा)



# सम्पादकीय

नेपाल सरकारको पूर्ण स्वामित्वमा सञ्चालित राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले राष्ट्रिय झण्डा फहराई यात्रुलाई विभिन्न गन्तव्यमा पुऱ्याई सेवामार्फत नेपालको छविलाई संसारभर फैलाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । निगमले सेवामूलक सँगसँगै व्यावसायिक सिद्धान्तलाई आत्मसात् गर्दै सामाजिक न्यायमा आधारित भएर नेपाल सरकारको अनौपचारिक कुटनीतिक दूतका रूपमा अन्तर्राष्ट्रिय जगतमा नेपालको उपस्थिति जनाउँदै आएको छ । नियमित व्यावसायिक/कार्गो उडान गर्नुका साथै राष्ट्रिय ध्वजावाहकको हैसियतमा निगमले गर्नु पर्ने सामाजिक लोककल्याणमा आधारित कार्यसमेत गर्दै आइरहेको छ ।

राष्ट्रिय ध्वजावाहक सरकारी वायुसेवाको हैसियतले निगमसँग अवश्य नै राष्ट्रिय जिम्मेवारी र जनअपेक्षा रहन्छ । नाफा घाटाको जोड घटाउमा मात्र नअल्झिई देशको दुर्गम क्षेत्रमा हवाई सेवा उपलब्ध गराउनुपर्ने दायित्व एकातिर छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय क्षेत्रमा यात्रु सेवाको साथै राष्ट्रिय दायित्व निर्वाहको क्रममा व्यावसायिक सिद्धान्तको आधारमा निगमलाई आर्थिक रूपमा समेत सबल गर्नु पर्ने हुन्छ । यस क्रममा सेवाको स्तरीकरण, सन्तुष्टि सँगसँगै व्यावसायिकता पनि अपरिहार्य रहन्छ । निगमले उडान सुरक्षा र विश्वसनीयजस्ता प्रमुख आधारहरूलाई ध्यानमा राखेर सेवा प्रदान गरिरहेको छ । मुलुकको समग्र हित र लोककल्याण समेतलाई मध्यनजर गर्दै आफ्नो व्यावसायिकता प्रवर्द्धन एवम् राष्ट्रलाई खाँचो परेको बेलामा अहोरात्र खटिने जिम्मेवारी वहनका निम्ति निगम सधैँ तत्पर रहेको विश्वास दिलाउन चाहन्छौँ ।

निगमले सीमित स्रोत साधनका बाबजुद पनि यात्रुहरूको सेवा सुविधामा ध्यान केन्द्रित गर्दै तोकिएको गन्तव्यमा सुरक्षित तवरले पुऱ्याउने कार्यमा आफ्नो दत्तचित्त भएर कार्य गर्दै आएको छ । समयको परिवर्तनसँगै आज नागरिक उड्डयन क्षेत्र थप प्रतिस्पर्धी हुँदै गइरहेको छ भने यस प्रतिस्पर्धामा खरो उत्रन संस्थाले प्रदान गर्दै आइरहेको सेवाको क्षेत्रमा आफूलाई एक विश्वसनीय र सुरक्षित संस्थाको रूपमा स्थापित गर्दै अन्तर्राष्ट्रिय स्तरमा नयाँ गन्तव्यहरूमा आफ्नो सेवा विस्तार गरी पर्यटक आगमनमा वृद्धि गर्न तथा विदेशमा बस्ने नेपालीहरूलाई सहज रूपमा नेपालमा यात्रा गर्न सक्ने वातावरण मिलाउन अपरिहार्य देखिएको छ । समयको अन्तरालमा देखापर्ने विभिन्न किसिमका प्राकृतिक प्रकोप तथा विपद्जन्य घटनाबाट प्रभावितहरूको उद्धार तथा राहतका लागि निगमले विभिन्न चुनौतीहरूको बाबजुद पनि हवाई सेवा सञ्चालन गरी नागरिकहरूको सेवामा आफूलाई समर्पित तुल्याएको छ ।

जहाजको सङ्ख्या बढाउने, बजार बिस्तार गर्ने, विश्वसनीय र भरपर्दोपनाको स्तरमा अभिवृद्धि गर्ने, दक्ष मानव संसाधनलाई संस्थामा टिकाई निगमले व्यहोरेको ऋणभारको व्यवस्थापन जस्ता चुनौतीलाई सम्बोधन गर्नु निगमका हालका केही चुनौती हुन् । चुनौतीलाई अवसरमा रूपान्तरण गर्नका लागि आवश्यक संसाधनको परिपूर्ति गर्दै लगी नेपाल र नेपालीको विश्वासको आधारका रूपमा राष्ट्रिय ध्वजालाई अझ विश्वव्यापी बनाउनेतर्फ हामी सबैको प्रयत्नको निरन्तरता अपरिहार्य रहेको छ ।



निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारी सिड्नी एयरपोर्टका C.E.O. सँग छलफलपश्चात ।

## सम्पादक मण्डल


प्रधान सम्पादक : अनिल घिमिरे
कार्यकारी सम्पादक : दिक्पाल सुवेदी
सम्पादक : अस्मिता सुवेदी
कल्पना काफ्ले

विभागीय प्रतिनिधिहरू : गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स
नुमानन्द गौतम, यात्रुसेवा
छायाँ गुरुङ, आन्तरिक लेखा परीक्षण
प्रकाश अधिकारी, गाउण्ड सपोर्ट
भाष्कर खनाल, मानव संशाधन
उदय खत्री, कन्टिन्यूइङ्ग एयर वर्दिनेश मेनेजमेन्ट
यशोदा सिंखडा, बजार व्यवस्थापन
साधना कुंवर, सा.से.तथा सं. व्यवस्थापन
इन्द्र थापा, अर्थ
चक्र के.सी., अपरेसन्श
सञ्जय कुमार देव, क्वालिटि एसुरेन्स



प्रकाशक : बाह्य, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा संस्थागत विभाग
नेपाल वायुसेवा निगम
www.nepalairlines.com.np

फोटो सल्लाहकार : हरि गोपाल प्रधान

# पूर्वाञ्चल क्षेत्रीय केन्द्र विराटनगर र अन्तर्गतका कर्मचारीहरूको अनिवार्य तालिम सम्पन्न

निगमको हवाई उडान सुरक्षाको स्तरलाई अझै परिस्कृत गर्न र नियमनकारी निकायद्वारा निर्दिष्ट मापदण्ड अनुरूप निगमको पूर्व क्षेत्रीय केन्द्र विराटनगर र अन्तर्गत विभिन्न स्टेशनमा कार्यरत कर्मचारीहरूको लागि आयोजित अनिवार्य (Mandatory) तालिम सम्पन्न भएको छ । मानव संशाधन विभाग र बजार व्यस्थापन विभागको समन्वयमा मिति २०८१ श्रावण १८ देखि २३ गतेसम्म निगमको केन्द्रीय कार्यालयस्थित तालिम कक्ष र निगमको Approved Training Center, कुलेश्वरमा सञ्चालित उक्त तालिममा केन्द्र र अन्तर्गतका विभिन्न २१ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।



मूलतः निगममै कार्यरत श्रोतव्यक्तिहरूद्वारा प्रदान गरिएको उक्त तालिममा Dangerous Goods Regulations, Safety Mangement System, Emergency Response Plan, Airside Safety, Human Factor, Aviation Security, Aircraft Ground Movement / Fire Fighting सम्बन्धमा तालिम प्रदान गरिएको थियो ।

तालिममा विराटनगरका ६, भोजपुर स्टेसनका ४, इलाम स्टेसनका ३, फाप्लु र थामखर्क स्टेसनका २/२, खानीडाँडा, रेसुङ्गा र ताप्लेजुङ्ग स्टेसनका १/१ र काठमाडौं केन्द्रीय कार्यालयस्थित आन्तरिक उडानतर्फका जम्मा २१ जना कर्मचारीहरु सहभागी भएका थिए । यसैगरी यसअघि निगमको पश्चिमाञ्चल क्षेत्रीय केन्द्र, नेपालगञ्ज र अन्तर्गत कार्यरत कर्मचारीहरूको लागि पनि २०८० फाल्गुण ८ देखि १२ गतेसम्म अनिवार्य तालिम प्रदान गरिएको थियो । यस तालिमसँगै निगमका आन्तरिक स्टेसनहरूका प्रायः सबै कर्मचारीहरूलाई अनिवार्य तालिम प्रदान गरिएको र विबिध कारणले तालिममा सहभागी हुन नसकेका बाँकी रहेका कर्मचारीहरूलाई पनि क्रमशः अनिवार्य तालिम प्रदान गरिदै जाने तालिम महाशाखाको योजना रहेको छ ।

# थाइल्यान्डको बैंककमा पाटा ट्राभल मार्ट २०२४ सम्पन्न

निगमले थाइल्यान्डको बैंककमा आयोजित पाटा ट्राभल मार्ट २०२४ मा सहभागिता जनाएको छ । प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) द्वारा आयोजित पाटा ट्राभल मार्टमा ४५ वटा गन्तव्यहरूबाट नौ सयभन्दा बढी प्रतिनिधिहरूले सहभागिता जनाएका थिए । विभिन्न २४ गन्तव्यका १६८ विक्रेता संस्थाबाट २६६ जना प्रतिनिधिका साथै ३१ स्रोत बजारका १७३ संस्थाहरूबाट १९१ क्रेता प्रतिनिधि उक्त मार्टमा सहभागी भएका थिए ।




मार्टमा निगमको प्रतिनिधित्व गर्दै थाइल्यान्डका कन्ट्रि मेनेजर दामोदर मिश्र, फाइनान्स मेनेजर कैलाश बाबु कार्की, संस्थागत विभागबाट ब. अधिकृत इन्दिरा संजेल र मार्केटिङ विभागबाट ब. सहायक मञ्जु नेपालले गरेका थिए । पाटाको मुख्यालय थाइल्यान्ड स्थानान्तरणको २५ औं वर्षको अवसरमा मार्टको ४७ औं संस्करण थाइल्यान्डको राजधानी बैंककस्थित 'क्विन सिरिकिट नेसनल कन्भेसन सेन्टर' मा आयोजना गरिएको थियो । यस अवसरमा निगमले पर्यटन क्षेत्रको प्रवर्द्धन र बजारीकरणको लागि गरेको योगदानको विशेष चर्चा भयो ।

प्यासिफिक एसिया क्षेत्रमा पर्यटन प्रवर्द्धनको लागि विभिन्न विषयहरु जस्तैः Reimagining responsible tourism for regenerative future, Enhancing cyber security intravel industry and Future of travel मा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । स्वदेशी तथा विदेशी पर्यटन व्यवसायीहरूसँग सहकार्य गर्दै नेपालमा पर्यटन व्यवसायको विकासको लागि निगमको तर्फबाट पर्यटन प्रवर्द्धन प्याकेजहरु तथा चार्टड उडानहरु विस्तार गर्न सुझावहरु प्राप्त भए । विभिन्न देशहरु जस्तै माल्दिभ्स, श्रीलंका, फिलिपिन्स, मकाऊ, दक्षिण कोरिया का पर्यटन व्यवसायीहरूले निगमले यी देशहरूमा निगमले आफनो उडान सेवा बिस्तार गरेमा पर्यटन प्रवर्द्धनमा पूर्ण सहयोग गर्ने प्रतिबद्दता पनि व्यक्त गरेका छन् ।

# लोयल्टी म्यानेजमेन्ट सिस्टम 'एल एम एस' तालिम सम्पन्न

मिति २०८१/४/१९ देखि २०८१/०४/२३ गतेसम्म टर्कीको इस्तानबुल सहरमा लोयल्टी म्यानेजमेन्ट सिस्टम "एल एम एस" शीर्षकमा पाँच दिने तालिम सम्पन्न भएको छ । नेपाल एयरलाइन्सको होस्ट सिस्टम Hitit द्वारा आयोजित यस तालिममा बजार व्यवस्थापन विभागका उपनिर्देशक प्रतिभा शर्मा, उपनिर्देशक सन्तोष पाण्डे लगायत अन्य कर्मचारी मिमांशा कार्की, अञ्जु शर्मा मरासिनी र अपर्णा गौतमले सहभागिता जनाउनुभएको थियो ।



एल.एम.एस.ले नेपाल एयरलाइन्समार्फत नियमितरुपमा उडान गर्ने यात्रुहरूलाई लोयल्टी सदस्य बनाई उनीहरूलाई दिइने सुविधामा बढोत्तरी भई ग्राहकको विश्वास टिकाइराख्न सघाउ पुग्छ । यसले नेपाल वायुसेवा निगमका ग्राहकको दायरा र आयाममा वृद्धि हुन्छ । टिकट खरिद गर्दा तिरेको मूल्यलाई points मा रुपान्तरण गरी सोहीअनुरुप उक्त points का आधारमा टिकट मूल्य तथा अन्य सहयात्री निकायहरूबाट प्राप्त सुविधा प्रदान गर्ने गरिन्छ । उक्त योजनाको मस्यौदा तथा नियमहरु तयार गर्नका लागि एलएमएस ग्रुपलाई टर्कीको इस्तानबुल, Hitit द्वारा तालिम प्रदान गरिएको थियो । जसअनुरुप यससम्बन्धी विभिन्न नियमहरु समावेश गरी प्रतिवेदन तयार गरी पेश गरिएको छ ।

यसरी निगमले आफनो व्यवसाय बढाउन र यात्रुहरूलाई थप सेवा सुविधा दिई आकर्षित गर्न यस प्रणालीलाई बजार व्यवस्थापन विभागद्वारा सञ्चालन गर्न प्रयास गरिएको छ । एल.एम.एस सिस्टमलाई जतिसक्दो छिटो सञ्चालनमा ल्याउन Hitit सँग नेपाल वायुसेवाको सहकार्य सुरू भइसकेको छ ।

साथै मिति २०८१/०४/१९ देखि २०८१/०४/२३ गते सम्म टर्कीको इस्तानबुल शहरमा "हिटइट त्रेन प्याक्स" तालिम सम्पन्न भएको छ । इस्तानबुलस्थित हिटइट कार्यालयमा सम्पन्न सेन्ट्रल रिर्जभेसन कन्ट्रोल, सि आर सि तालिमले निगमका कर्मचारीहरूको क्षमता अभिवृद्धिका साथै बजार व्यवस्थापन र विक्री प्रबर्द्धनमा थप सहयोग मिल्ने देखिन्छ । उक्त तालिममा मार्केटिङ विभागबाट अर्विन्दकुमार कामती, उषा सिंह, उज्वल दाहाल र टंक राईले सहभागिता जनाउनुभएको थियो ।

# निगमको वाइडबडी जहाज 9N- ALY (अन्नपूर्ण) नियमित सि-चेक मर्मतपश्चात् उडानमा

निगमको वाइडबडी जहाज 9N- ALY (अन्नपूर्ण) को नियमित सि-चेक European Aviation Safety Agency (EASA) र Federal Aviation Administration (FAA) बाट मान्यताप्राप्त युरोपेली मुलुक इटलीको Maintenance and Overhaul organization - MRO कम्पनी Attitech ले अन्तर्राष्ट्रिय विधिसम्मत प्रकृया पूरा गरी सि-चेकको मर्मत संभार कार्य गरी Certificate of Release To Service (CRS) प्रदान गरेको छ र नेपालको नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणले आवश्यक अनुमतिको लागि प्रकृयाहरु पूरा गरी अनुमति दिएपश्चात् १२ सेप्टेम्बर, २०२४ मा काठमाडौंमा अवतरण गरेको छ । हाल यो जहाज नियमित रूपमा उडानमा रहेको छ ।

# नेपाल वायुसेवा निगम धेरै कार्गो बोक्ने एयरलाइन्सको रूपमा सम्मानित

नेपाल वायुसेवा निगम सन् २०२३ मा नेपालबाट धेरै कार्गो बोक्ने दोस्रो एयरलाइन्सको रूपमा सम्मानित भएको छ । Nepal Freight Forwarders Association द्वारा मिति २९ जुलाई, २०२४ मा काठमाडौंमा आयोजित ३०औं कार्गो दिवसको सु-अवसरमा यो सम्मान गरिएको हो ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले निगमले आफ्ना अन्तर्राष्ट्रिय गन्तव्यहरूमा Dangerous Goods (DG) लगायत कार्गो बोक्दै आइरहेको र यस्ता सम्मानबाट कार्गो व्यापारलाई बढाउन अझै हौसला मिलेको बताउँदै यस कार्यमा सहयोग गर्ने सबै सरोकारवालाहरु, कार्गो एजेन्ट, Freight Forwarders तथा कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।




# नेपाल अर्बुद रोग निवारण...

पचास प्रतिशत, दोस्रो पटकको निम्ति बिरामीलाई करबाहेक पचास प्रतिशत र कुरुवालाई पच्चीस प्रतिशत र अन्तिम पटकको निम्ति बिरामीलाई पच्चीस प्रतिशत) विषेश छुट प्रदान गर्दै आइरहेको छ । निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले नेपाल अर्बुद रोग निवारण संस्थाको वार्षिकोत्सवको सन्दर्भमा यो रोगबाट पीडित परिवारले निगमले उपलब्ध गराएको यो सुविधाबाट लाभ लिन सकिने बताउनुभयो ।

## मानव संशाधन विभाग

### असार, २०८१

#### राजीनामा

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री रमा काफ्ले | ६ | लेखा अधिकृत |

#### अवकाश

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री उत्सब जोशी | ६ | अधिकृत |

### श्रावण, २०८१

#### राजीनामा

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री प्रबिन डाकुसी | ७ | वरिष्ठ प्राविधिक अधिकृत |
| २ | श्री गणेश बोहरा | ४ | सहायक |

#### अवकाश

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री माधब लोहनी | ८ | का.मु.उपनिर्देशक |
| २ | श्री सागर खड्का | ४ | सिनियर हेड लोडर |

## Internal Audit

**Following task were listed for the period of Shrawan to Bhadra as below:**

1. Physical verification of Ground Support Department on going.
2. Physical verification of Engineering Department on going
3. Physical verification of Customer Service, Catering & General service & Property Department on going.

## Ground Support Department

**Major Achievement:**

- Recovery या Disable Aircraft (RODA) Kit व्यवस्थापन सम्बन्धमा नेपाल नागरिक उडड्यन प्राधिकरण, त्रि.अ.वि नागरिक उडड्यन कार्यालय र नेपाल वायुसेवा निगमबिच Management of Change (MOC) सम्पन्न भएको ।

## General Service and Property Management Department

**Major Achievement:**

१. Customers Care Layer Module सुरु गर्न सम्बन्धित विभागहरूसँग र Hitit सँग समन्वय भैरहेको असोज महिनाको १५ गते भित्र CCL सञ्चालनमा आउने ।

२. Digital Call Centre सञ्चालनमा ल्याउन आवश्यक कार्य भैरहेको ।



साँस्कृतिक संस्थानद्वारा आयोजित तीज विशेष साँस्कृतिक प्रतियोगिता २०८१ मा निगमबाट सहभागी कर्मचारीहरू ।

# निगमका कर्मचारीहरूलाई Aviation Security तालिम प्रदान



निगममा कार्यरत उपनिर्देशकहरूको Aviation Security Awareness Training सम्पन्न भएको छ । केन्द्रीय कार्यालयस्थित तालिम कक्षमा मिति २०८१ भाद्र २४ गते सञ्चालित उक्त तालिममा निगमका प्रायः सबै विभागका उपनिर्देशकहरूको सहभागिता रहेको थियो । नेपाल नागरिक उड्डयन प्राधिकरण कार्यालयका प्रशिक्षक श्री खगेश्वर अर्यालमार्फत सञ्चालन गरिएको उक्त तालिममा निगमका २४ जना उपनिर्देशकहरु र एक जना मुम्वई स्टेसनमा कार्यरत Security Co-ordinator को सहभागिता रहेको थियो ।

यसैगरी तालिम शाखाले निगमको साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभागको अनुरोधमा उक्त विभागका निर्देशकसहित Security सँग सम्बन्धित कर्मचारीहरूलाई Initial Aviation Security तालिम नेपाल नागरिक उड्डयन प्राधिकरण कार्यालयका प्रशिक्षक श्री भरतराज ढकालमार्फत प्रदान गरिएको हो । मिति २०८१ भाद्र १६ देखि १९ सम्म केन्द्रीय कार्यालयमा सम्पन्न भएको उक्त तालिममा उक्त विभागका निर्देशक, उपनिर्देशक, प्रबन्धक र सम्बन्धित शाखामा कार्यरत कर्मचारी सहित ४ जना कर्मचारीको सहभागिता रहेको थियो ।


# सुकेटार विमानस्थल पुनः सञ्चालनमा


प्रतिकूल मौसमका कारण तीन महिना भन्दा बढी समय बन्द रहेको ताप्लेजुङ्को सुकेटार विमानस्थल पुनः सञ्चालनमा आएको छ । निगमले मौसममा सुधार आएसँगै हप्ताको एकदिन विहीबार उडान सुरु गरेको हो ।

निगमले केही साताअघि नै उडान तालिका तोकेको भएपनि प्रतिकूल मौसमले गर्दा उडान हुनसकेको थिएन । मौसम खुला रहेमा र यात्रुको चाप बढेमा निगमले उडान तालिका थप्ने तयारी गरिरहेको छ ।


# Traffic statistics for the month of Srawan 2081


1. International sector








2. Domestic sector




3. Market share International Sector of NAC for the month of Srawan 2081



# DUTY ROSTER OF RA CLINIC DOCTORS AT NAC

**Effective from 1st Sepetmber 2024**

| S. N. | NAME OF DOCTORS | SUNDAY | MONDAY | TUESDAY | WEDNESDAY | THURSDAY | FRIDAY |
|---|---|---|---|---|---|---|---|
| 1. | **Dr. ASMITA ARYAL**<br>Consultant, General Practice and Emergency Medicine<br>NMC: 23121<br>Mobile No.9849512493 | 12:00-13:00 | | 12:00-13:00 | 11:00-12:00 | | |
| 2. | **Dr. SUBODH KUMAR ADHIKARI**<br>Senior Surgeon<br>NMC : 1095<br>Mobile No. 9851037056 | | 12:00-13:00 | | 12:00-13:00 | 12:00-13:00 | |
| 3. | **Dr. GYANENDRA SHAH**<br>Senior Consultant,Orthopedic Surgeon<br>NMC: 4723<br>Mobile No. 9851029425 | | 13:00-14:00 | | | 13:00-14:00 | 12:00-13:00 |
| 4. | **Dr. RANJEET S. BARAL**<br>Consultant Cardiologist/AME & General Physician<br>NMC: 1516<br>Mobile No. 9851053577 | 14:00-15:00 | 14:00-15:00 | | | 14:00-15:00 | |
| 5. | **Dr. KAVITA ADHIKARI**<br>Consultant Gynecologist<br>NMC: 3679<br>Mobile No. 9851176411 | 15:00-16:00 | | 14:00-15:00 | 14:00-15:00 | | |
| 6. | **Dr. NANDITA GHIMIREY**<br>Family Medicine<br>NMC: 2784<br>Mobile No. 9841777677 | | 15:00-16:00 | 15:00-16:00 | 15:00-16:00 | | |
| 7. | **Dr. LOCHAN KARKI**<br>Consultant Physician<br>NMC: 4687<br>Mobile No. 9851056689 | | | 16:00-17:00 | | 15:00-16:00 | 13:00-14:00 |
| 8. | **Dr. SHIVAJI BIKRAM SILWAL**<br>Consultant Cardiologist<br>NMC: 6335<br>Mobile No. 9801022997 | 16:00-17:00 | | | 16:00-17:00 | | 14:00-15:00 |

### Nepal Airlines Corporation

## Ground Support Department

### TACC Section

### LOST AND FOUND RECORD SUMMARY

| S.N. | Year Months | | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. Pcs. | HOV to Airlines | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | | Staff | Crew | Police security | Paxs | |
| 1 | 2081 | Srawan | 8 | 3 | 7 | 5 | 0 | 1 | 0 | 12 | 36 | 27 | 2 | 7 | | |

**नोट:**

उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमान स्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धित ठाँउमा बुझाएका सामानहरूको हो ।

**Details**

Mob : Mobiles
Cam : Different types of movie and still camera/watch.
Mny : Money and wallets
ipd : i-phone, i-pod, i-pad, tablets, Laptop etc.
Gld : Gold and ornaments
Elx : Other electronic appliances/items, games, pendrives, Powr Bank etc.
Hov : Handed over to the related airlines (staff, crew, passengers)
PP : Passport

## Operations Department

### Performance Report of Flights from Kathmandu for the month of Jestha and Ashad, 2081

| Fleet / Month<br>Flight Performance % | 9N-AKW | | 9N-AKX | | 9N-ALY | | 9N-ALZ | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Jestha | Ashad | Jestha | Ashad | Jestha | Ashad | Jestha | Ashad | Jestha | Ashad |
| **Reliability** | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% |
| **Punctuality** | 62% | 43% | 100% | 98% | 94% | 86% | 88% | 93% | 87% | 80% |

## NEPAL AIRLINES CORPORATION
## MARKETING DEPARTMENT
## TRAFFIC AND REVENUE PERFORMANCE OF SCHEDULE FLIGHTS OF DOMESTIC & INTERNATIONAL STATIONS
### As of Shrawan & Bhadra, 2081

| Region | Shrawan 2081 | | | | Bhadra 2081 | | | | Total in Two Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Domestic | 351 | 2,004,700 | 17,208 | 2,021,908 | 803 | 4,551,963 | 65,981 | 4,617,944 | 1,154 | 6,639,852 |
| **Domestic Total** | **351** | **2,004,700** | **17,208** | **2,021,908** | **803** | **4,551,963** | **65,981** | **4,617,944** | **1,154** | **6,639,852** |
| KTM-NRT | 3,183 | 162,544,636 | 10,633,300 | **173,177,936** | 1,280 | 83,475,760 | 7,342,560 | 90,818,320 | 4,463 | **263,996,256** |
| NRT-KTM | 2,781 | 153,143,232 | 3,360,544 | **156,503,776** | 1,317 | 71,136,824 | 3,445,024 | 74,581,848 | 4,098 | **231,085,624** |
| KTM-DXB | 3,049 | 102,519,092 | 3,192,560 | **105,711,652** | 2,678 | 93,696,824 | 3,825,750 | 97,522,574 | 5,727 | **203,234,226** |
| DXB-KTM | 2,522 | 36,848,516 | 6,583,590 | **43,432,106** | 1,649 | 25,611,342 | 1,853,910 | 27,465,252 | 4,171 | **70,897,358** |
| KTM-DEL | 4,885 | 42,616,098 | 5,418,795 | **48,034,893** | 4,001 | 37,039,806 | 2,364,096 | 39,403,902 | 8,886 | **87,438,795** |
| DEL-KTM | 4,096 | 20,902,590 | 1,133,632 | **22,036,222** | 3,498 | 22,621,252 | 1,079,296 | 23,700,548 | 7,594 | **45,736,770** |
| KTM-KUL | 629 | 15,832,732 | 1,324,968 | **17,157,700** | 522 | 12,741,276 | 1,377,552 | 14,118,828 | 1,151 | **31,276,528** |
| KUL-KTM | 1,358 | 16,112,969 | 27,272 | **16,140,241** | 1,247 | 31,154,381 | - | 31,154,381 | 2,605 | **47,294,622** |
| KTM-DOH | 3,582 | 100,254,256 | 5,682,545 | **105,936,801** | 2,392 | 67,129,236 | 1,905,156 | 69,034,392 | 5,974 | **174,971,193** |
| DOH-KTM | 2,772 | 36,776,486 | 2,697,804 | **39,474,290** | 1,955 | 30,061,470 | 722,088 | 30,783,558 | 4,727 | **70,257,848** |
| KTM-BKK | 1,998 | 42,204,704 | 360,532 | **42,565,236** | 1,646 | 34,526,608 | 189,380 | 34,715,988 | 3,644 | **77,281,224** |
| BKK-KTM | 1,568 | 46,634,464 | 637,560 | **47,272,024** | 1,362 | 43,149,576 | 1,825,344 | 44,974,920 | 2,930 | **92,246,944** |
| KTM-HKG | 564 | 13,434,368 | 1,298,940 | **14,733,308** | 868 | 24,358,616 | 1,001,400 | 25,360,016 | 1,432 | **40,093,324** |
| HKG-KTM | 870 | 26,416,590 | 969,680 | **27,386,270** | 272 | 9,618,464 | 1,713,260 | 11,331,724 | 1,142 | **38,717,994** |
| KTM-BOM | 445 | 4,818,360 | 25,740 | **4,844,100** | 640 | 6,629,720 | 26,155 | 6,655,875 | 1,085 | **11,499,975** |
| BOM-KTM | 317 | 2,586,532 | 605,696 | **3,192,228** | 406 | 3,422,984 | 728,992 | 4,151,976 | 723 | **7,344,204** |
| KTM-BLR | 1,409 | 20,022,232 | 121,440 | **20,143,672** | 515 | 6,529,820 | 34,980 | 6,564,800 | 1,924 | **26,708,472** |
| BLR-KTM | 1,179 | 10,516,572 | 369,000 | **10,885,572** | 506 | 5,714,608 | 58,600 | 5,773,208 | 1,685 | **16,658,780** |
| KTM- DMM | 945 | 34,303,200 | 39,600 | **34,342,800** | 970 | 35,864,700 | 16,432 | 35,881,132 | 1,915 | **70,223,932** |
| DMM-KTM | 863 | 11,751,060 | 326,200 | **12,077,260** | 896 | 15,264,840 | 462,000 | 15,726,840 | 1,759 | **27,804,100** |
| KUL-BWA-KTM | - | - | - | - | - | - | - | - | - | **0** |
| **Intl Total** | **39,015** | **900,238,689** | **44,809,398** | **945,048,087** | **28,620** | **659,748,107** | **29,971,975** | **689,720,082** | **67,635** | **1,634,768,169** |
| **Grand Total** | **39,366** | **902,243,389** | **44,826,606** | **947,069,995** | **29,423** | **664,300,070** | **30,037,956** | **694,338,026** | **68,789** | **1,641,408,021** |

**Note:**
1. Prepared on the basis of data submitted from respective stations.
2. Domestic Revenue includes revenue from operated scheduled flight.
3. International Revenue calculated from operated schedule flights .
4. Charter Flights are not included in above data.